मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

पातिचौर, पर्वत

मोटरसाईकल खरिद कार्यको लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धि सुचना

ठेक्का नं :**01/MRM/BIKE/2075-76**

प्रथम पटक प्रकाशित मितिः २०७५/०७/१२

यस कार्यालयको लागि चालु आ.व.२०७५/०७६ मा आवश्यक भएको केही थान मोटसाइकल बोलपत्रको माध्यमद्धारा खरिद गर्ने सम्वन्धमा नेपाल सरकारवाट इजाजत प्राप्त इच्छुक अधिकृत बिक्रेता तथा फर्महरुबाट निम्न सर्तहरुको अधिनमा रही रीतपूर्वकको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र आब्हान गरिन्छ ।

1 दरभाउपत्र फाराम यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र नेपाल सरकारवाट इजाजत प्राप्त अधिकृत विक्रेता तथा फर्महरुबाट चालु आ.व.को लागि नविकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७४/७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कालोसूचीमा नपरेको स्वयं घोषणापत्र संलग्न गरी रू.१०।– को टिकट टाँसी, निवेदन पेस गरेमा फारामको राजश्व दस्तुर रु. १०००।– (एक हजार मात्र) तिरी यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

2 बोलपत्र फाराम साथ नेपाल वैंक लिमिटेड, कुश्मा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ०६६०३००००००००३००००००८ मा जमानतबापत जम्मा गरेको रु.२२,५००.०० (अक्षरुपी बाईस हजार पाँच सय रुपैया मात्र) को सक्कल प्रति बैंक भौचर वा मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैंकवाट यस कार्यालयको नाममा जारी भएको, कम्तिमा ४५ (पैईतालिस) दिन म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड) पेस गर्नुपर्नेछ ।

3 बोलपत्र फाराम अधिकार प्राप्त ब्यक्तिले दस्तखत गरी यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजेभित्र यस कार्यालयको प्रसासन शाखामा बुझाउनु पर्नेछ र बोलपत्र खोल्ने कार्य सोही दिन १४.०० बजे उपस्थित बोलपत्रदाता बा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि तोकिएको समय र मितिमा बोलपत्र खोलिने छ । बोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा सो कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

4 उपलब्ध गराउने मोटरसाइकल यस कार्यालयको टेक्निकल स्पेशिफिकेशन वमोजिम हुनुपर्नेछ । मोटरसाइकलको टेक्निकल स्पेशिफिकेशन सहितको सक्कल क्याटलक बोलपत्रसाथ समाबेश गरी Servicing Warranty आदि सम्वन्धमा समेत खुलाउनु पर्नेछ ।

5 कार्यालयबाट प्राप्त बोलपत्र फाराममा उल्लेखित सवारी साधनको प्रति इकाइ दरभाउ अंक र अक्षर दुवैमा स्पष्ट खुलाउनु पर्नेछ ।अंक र अक्षरमा फरक दर उल्लेख गरेमा अक्षरमा उल्लेखित दर कायम गरिने छ ।

6 म्याद नाघि आएको वा रीत नपुगेको वा विभिन्न सर्त उल्लेख गरेको बोलपत्र उपर कुनै कारबाही हुने छैन, बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । बोलपत्र सम्वन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

7 एक ब्यक्ति वा फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को ब्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

8 अन्य उल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ अनुसार तय भए बमोजिम हुनेछ ।

9 थप जानकारीको लागि ०६७-४१०१६७, WWW.Modimun.gov.np मा सम्पर्क गर्नुहोला ।

**प्रमुख प्रशासकिय अधिकृत**